परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक




❑ वर्ष ११ ❑ अंक १६ २०७९ मंसिर ४ गते आईतवार Sunday 20, NOV 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## प्रतिनिधीसभा र प्रदेशसभाको निर्वाचन भयरहित बनाउन सिमा नाका पूर्ण रूपमा बन्द

विराटनगर । प्रतिनिधीसभा र प्रदेशसभा सदस्यका लागि मंसिर ४ गते हुने निर्वाचनलाई भयरहित निर्वाचन सम्पन्न गराउन भारतसँग जोडिएको सबै नाकाहरु विहीवार राती १२ बजे देखि पूर्ण रुपमा बन्द गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय मोरंगले निर्वाचनलाई भयरहित वनाउन सिमा नाका बन्द लगायतका विभिन्न किसिमका सूचनाहरु समेत जारी गरका छन् ।

सोही आदेश अनुसार विहीवार राती १२ बजे देखि विराटनगरको जोगवनी नाका लगायत सम्पुर्ण नाकाहरु बन्द भएका छन् ।



भयरहित वातावरणमा निर्वाचन गराउन विहीवार राती १२ बजे देखि आईतवार राती १२ बजे सम्मका लागि विराटनगरको जोगवानी नाका पूर्ण रुपमा बन्द गरीएको छ । तस्वीर : श्याम सुन्दर सुतिहार

जिल्ला प्रशासन कार्यालय मोरंगका प्रमुख काशी राज दाहालद्वारा जारी सूचनामा मतदान केन्द्रमा क्यामेरा र मोबाइल समेत लैजना निषेघ गरिएको छ । निर्वाचन आयोगको निर्देशन अनुसार प्रतिनिधीसभा र प्रदेशसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, र भयरहित वनाउन क्यामेरा, मोबाइल, सलाई, लाइटर लैजान प्रतिवन्ध लगाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

अर्को सूचना अनुसार गृह मन्त्रालयको निर्देशनमा मतदानका दिन बावागमन सम्बन्धी सार्वजनिक अपिल गरिएको छ । एमबुलेन्स दमकल, दूध बोक्ने गाडी प्रेसका सवारी साधन, दरसञ्चार, केवल, शववाहन, अस्पताल, स्वास्थ्य कर्मीले प्रयोग गर्ने सवारी साधनलाई परिचयपत्र देखाएर मतदानका दिन सवारी संचालनमा छुट दिएका छ ।

त्यसैगरी निर्वाचनका कारण मंसिर १ गते देखि मोरंग प्रशासनले ५ गते सम्मको लागि राहदानी राष्ट्रिय परिचयपत्र, नावालक परिचयपत्र, संघ संस्थालगायतका सेवा बन्द गरिएको सूचनामा जनाइएको छ । उक्त अवधिमा शान्ति सुरक्ष, विपद, निर्वाचनसँग सम्बन्धित सेवा, आन्तरिक प्रशासन भन्ने सुचारु रहने जनाइएको छ ।

## जेष्ठ नागरिकसँग जनप्रतिनिधी स्वास्थय कार्यक्रम संचालन



विराटनगर । विराटनगर वडा नम्बर ८ ले ज्येष्ठ नागरिकसँग जनप्रतिनिधि स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिएको छ ।

वडा कार्यालयले हरेक महिनाको अन्तिम शुक्रबार ज्येष्ठ नागरिकसँग जनप्रतिनिधि स्वास्थ्य कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले अभियान सञ्चालन गरिएको वडाध्यक्ष राम पोखरेलले जानकारी दिनुभयो । अभियान अन्तर्गत शुक्रबार ६३ जना ज्येष्ठ नागरिकले सुगर जाँचको सेवा लिएको उहाँले बताउनु भयो ।

वडा कार्यालयमा आयोजित कार्यक्रममा न्यूरो अस्पताल विराटनगरले प्राविधिक सहयोग पुऱ्याएको थियो ।

## मिरगञ्जपुल यथासिघ्र संचालन ल्याउन पहलजारी

विराटनगर । विराटनगर आइसीपी जोड्न भारतको बथनाहा स्थित निर्मित मिरगञ्जपुललाई तत्कालै संचालनमा ल्याउन संघले पहल गरिरहेको कार्यलाई निरन्तरता दिदै मंसिर १ गते, बिहिबार भारतीय राजदूतावासका डिपुटी चिफअफ मिशन प्रशन्न श्रीवास्तव र वाणिज्य प्रमुख सुमन शेखरलाई संघका कार्यकारी सदस्य गोपालअग्रवाले भेट गर्नु भएको छ ।



मोरंग व्यापार संघका अध्यक्ष नवीन रिजालद्वारा भारतीय राजदूत महामहिम नवीनश्रीवास्तवज्यूकालागि प्रेषित संघको पत्र लिई काठमाडौं स्थित भारतीयदुतावास पुग्नु भएका संघका सदस्य अग्रवालले भारतीय भेटघाट गर्नु भएको थियो । अग्रवालले भारतीय अधिकारीहरुसँगको भेटघाटका क्रममा आगामी १५ दिनभित्र ल्याउने गरी कार्य भई रहेको जानकारी प्राप्त भएको बताउनु भएको छ ।

नवनिर्मित सो पुलको यथाशिघ्र संचालनका लागि संघका अध्यक्ष नवीन रिजालले गत साता भारतका सम्माननीय प्रधानमन्त्री नरेन्द्र मोदी, भारतीय सडक परिवहन तथा राजमार्ग मन्त्री माननीय नितिन गड्करी, दिल्ली स्थित नेपाली राजदूतावास लगायतलाई पत्राचार गर्नु भएको थियो ।

विराटनगर आई.सी.पी. जोड्ने भारतको बथनाहा-जोगबनी सडक खण्डमा पुलको प्रयोग हुन नसक्दा नेपाली उद्योगी/व्यवसायीहरुले विगत ११ महिना देखि भन्टावारी नाका प्रयोग गर्दै दैनिक करिब रु. एक करोड रकम अनावश्यक व्ययभार व्यहोर्दै आएका छन् ।




SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

# झापा र इलाम जिल्लाका मतदान स्थलहरू अनुगमण


इलाम जिल्लाको मतदान स्थल अनुगमन टोली


झापा जिल्लाका मतदान स्थल अनुगमन टोली

झापा। मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनलाई भएरहित र निष्पक्ष सम्पन्न गराउने उदेश्यले झापा जिल्लाका मतदान स्थलहरुको निरीक्षण तथा अनुगमन भएको छ।

प्रदेश न. १ का निमित्त प्रमुख सचिव किशोर कुमार चौधरी, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव उमेश बस्नेत, नेपाली सेनाका सहायक रथी रन्जीत थापा, १ न. प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रहरी नायव महानिरिक्षक सुदिप गिरी, शसस्त्र नायव महानिरिक्षक कमल गिरी, अनुसन्धान निर्देशन कृष्ण प्रसाद खनाल, प्रमुख जिल्ला अधिकारी तथा प्रहरी प्रमुख र मुख्य निर्वाचन अधिकृत सहितका पदाधिकारीहरुले जिल्लाका मतदान स्थलहरुको निरीक्षण तथा अनुगमन गर्नु भएको थियो।

जिल्ला प्रशासन कार्यालय झापामा प्रदेश निर्वाचन कमाण्ड पोष्टद्वारा प्रमुख निर्वाचन अधिकृत लगायतका टोलीसंग छलफल तथा अन्तकृया पश्चात उक्त टोलीले जिल्लाका मुख्य मुख्य मतदान स्थलहरुको निरीक्षण तथा अनुगमन गरेको हो।

त्यसैगरी ईलाम र पाँचथर जिल्लाका मतदान स्थलहरूको समेत अनुगमन गरिएको छ। प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनलाई भएरहित र निष्पक्ष सम्पन्न गराउने उदेश्यले ईलाम र पाँचथर जिल्लाका मतदान स्थलहरुको निरीक्षण तथा अनुगमन भएको छ। प्रदेश न. १ का निमित्त प्रमुख सचिव किशोर कुमार चौधरी, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव उमेश बस्नेत, नेपाली सेनाका सहायक रथी रन्जीत थापा, १ न. प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रहरी नायव महानिरिक्षक सुदिप गिरी, शसस्त्र नायव महानिरिक्षक कमल गिरी, अनुसन्धान निर्देशन कृष्ण प्रसाद खनाल, दुबै जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा प्रहरी प्रमुख र मुख्य निर्वाचन अधिकृत सहितका पदाधिकारीहरुले जिल्लाका मतदान स्थलहरुको निरीक्षण तथा अनुगमन गर्नु भएको थियो।

जिल्ला प्रशासन कार्यालय पाँचथर र ईलाममा प्रदेश निर्वाचन कमाण्ड पोष्टद्वारा दुबै जिल्लाका प्रमुख निर्वाचन अधिकृत लगायतका टोलीसंग छलफल तथा अन्तकृया पश्चात उक्त टोलीले दुबै जिल्लाका मुख्य मुख्य मतदान स्थलहरुको निरीक्षण तथा अनुगमन गरेका थियो।

# अवैद्ध रुपमा नेपाल भित्रियाएको समान बरामद



विराटनगर। भारत, विहार राज्यको जोगवनीवाट कर छली गरेको मालसमानहरु नेपाल भित्रियाई रहको वेला प्रहरीले बरामद गरको छ।

विराटनगर महानगरपालिका वडा नं. १२ दरैया स्थित भारतवाट नेपाल तर्फ अवैद्ध रुपमा भन्सार छली चोरी पैठारी गरी ल्याउँदै गरेको मालसमान प्रहरीले बरामद गरिएको थियो।

जोगबनीबाट नेपालतर्फ अबैध रुपमा भन्सार छली चोरी पैठारी गरी ल्याउदै गरेको अन्दाजी ६ लाख २० हजार २ सय बराबरको बिभिन्न कम्पनीका ताल्चा चाबी लगायतका सामानहरु रहेका छन।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले बरामद गरी आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी, विराटनगरमा बुझाएको थियो।

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३५९४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म।

विज्ञापन व्यवसायीलार्य पारदर्शी बनाऔं
- विज्ञापनको रकम भुक्तानी गर्दा तोकिएको स्थान, समय र अवधिमा प्रकाशन वा प्रसारण गरेको यकिन गरेर मात्र भुक्तानी गर्ने गरौ।
- सञ्चारमाध्यमले जारी गरेको बिजक र एजेन्सी कमिसन खुल्ने विजकको आधारमा मात्र विज्ञापन प्रकाशन तथा प्रसारणको भुक्तानी गरौ.।
- सम्झौताका आधारमा कारोबार भएका भए सम्झौतामा तोकिएको अवधिमा र कार्यादेशको आधारमा कारोवार भएको भए विज्ञापन एजेन्सीलार्य एक महिना भित्र र विज्ञापन एजेन्सीले सञ्चारमाध्यमलाई दुई महिनाभित्र भुक्तानी गरौं।
- समयमा भुक्तानी प्राप्त नभए विज्ञापन बोर्डमा उजुरी गरौं।
नेपाल सरकार, विज्ञापन बोर्ड

सार्वजनिक सूचना
आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं।
ग्रामथान गाउँपालिकाको कार्यालय मोरंग, प्रदेश १

मिति: कार्तिक २७, २०७९ (आइतबार)
समय: बिहान ९ बजेदेखि दिउँसो १ बजेसम्म।
नि:संतान दम्पतिहरुको लागि नि:शुल्क जाँच शिविर
स्थान: सुरक्षा अस्पताल प्रा. लि.
शहिद मार्ग (विरेन्द्र सभागृह अगाडि), विराटनगर-७, मोरङ, नेपाल।
नाम दर्ता गर्नको लागि निम्न नम्बरहरुमा सम्पर्क गर्नुहोस्:
977 9802782609 / +91 9733801237
Available Doctors :
Dr. Prasenjit Kumar Roy
Infertility Expert
Dr. Shefali Bansal Madhav
Infertility Expert
डा. रम्भा देव
डा. निकिता ढकाल
डा. सोमा गुप्ता
सुरक्षा अस्पताल (प्रा.) लि.
SURAKSHA ASPATAL (Pvt.) Ltd.
NewLife Fertility Centre
+91 7407400444
www.newlifefertilityclinic.com

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# नेताको भविष्य निर्धारण

नेपाल भरी आज प्रतिनिधीसभा र प्रदेशसभा संचालनको लागि आज निर्वाचन निर्वाचन भई रहको छ । यही निर्वाचनमा आम नेपाली जनताले सत्ता संचालनको लागि नेता छनौट गरी पठाउने अर्थात कुन नेताका अगामी ५ वर्षको लागि भविष्य निर्धारण गर्ने जिम्मेवारी जनताको हातमा आएको छ। नेताको भविष्य मात्र नभई यो निर्वाचनले आफ्नै भविष्य निर्धारण समेत गर्छ। आफूले मतदान राम्रो, निष्ठावान, निष्पक्ष, निष्कलंक, समाज सेवी नेताहरुलाई छनौट गर्न सक्यौभने हाम्रो भविष्य राम्रो हुन्छ। यदि गोपमतदान प्रक्रियामा प्रलोभनमा परी मतदान गरेमा ५ वर्ष सम्म पछुनाउनु वाहेक केही हुँदैन । त्यसैले कुनै पनि प्रलोभनमा नपरी, डरभयको प्रवाह नगरी असल, इमान्दार नेताहरुलाई मतदान गरी नेताका भविष्य निर्माणसंगै आफ्नो सन्ततीका समेत भविष्य निर्धारण गर्न आम मतदाता आफ्नो मत जाहेर गर्न मतदान गर्न आवश्यक छ ।

आम नेपाली मतदाताले यस पालि प्रतिनिधीसभा सदस्यका लाग २ सय ७५ र प्रदेशसभा सदस्यका लीग ५ सय ५० जनाको भविष्य निर्धारणको लागि आज मतदान हुदैछ । उक्त मतदानमा देशभरमा १ करोड ७९ लाख ८८ हजार ५ सय ७० मतदाताले आ-आफ्नो मताधिकार प्रयोग गर्न पाउने छ । निर्वाचन गराउन आयोगबाट खटिएका कर्मचारी आवश्यक सबै सामग्री लिएर मतदान केन्द्रमा पुगिसकेका छन् । उनीहरुले आइतबार विहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म हुने मतदानका लागि लाइन लाग्ने, मतपत्र लिने, मत संकेत गरेर मतपेटिकामा खसाल्नका लागि सहज हुने गरी सबै तयारी पूरा मतदाता आउने र मत खसाल्ने प्रतिक्षामा रहेका छन् ।

निर्वाचन लाई भय रहित वनाउनका लागि भारतलगायतका सिमा नाकाहरु बन्द गरिएको छ भने सुरक्षाका लागि नेपाली सेनाका ७४ हजार ८४९, नेपाल प्रहरीका ७१ हजार ६९३, सशस्त्र प्रहरी बलका ३५ हजार ११६, राष्ट्रिय अनुसन्धान विभागका १ हजार ८२१ सुरक्षाकर्मी खटिएका छन् । त्यस्तै चुनावका लागि नै भर्ना भएका १ लाख १५ हजार म्यादी प्रहरी पनि सुरक्षामा खटिएका छन् । प्रतिनिधिससभामा देशभरका १६५ निर्वाचन क्षेत्रबाट प्रत्यक्ष (पहिलो हुने निर्वाचित हुने) प्रणालीबाट र ११० जना समानुपातिक निर्वाचन प्रणालीबाट चयन हुनेछन् । त्यस्तै प्रदेशसभामा ३३० जना प्रत्यक्ष र २२० जना समानुपातिक पद्धतिबाट भविष्य निर्धारण हुनेछन् । असल, इमान्दार, निष्ठावान, समाज प्रति वफादर उम्मेदवारलाई आफ्नो अमूल्य मत दिई अगामी ५ वर्षको लागि असल नेतृत्व चयन गर्नु अहिलेको आवश्यकता पनि हो ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ । पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# दलहरूको घोषणापत्र : कृषिमाथि झूटको खेती

सरोज खतिवडा/दिपेश नेपाल

स्थापनाकालमा नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टीले पार्टीको घोषणापत्र र पहिलो चुनावी घोषणापत्र जारी गरेका थिए । तत्कालीन नेकपा माओवादीले भूमिगत राजनीति सुरु गर्नुअघि बुझाएको ४० बुँदे मागपत्र र अघिल्ला निर्वाचनमा दलहरूले सार्वजनिक गरेका चुनावी घोषणापत्रहरू पनि छँदैछन् । यो आलेख ती दस्तावेज र धेरै समय सरकारमा पुगेका दलहरूका घोषणापत्रमा उल्लिखित कृषि र किसानका मुद्दामा केन्द्रित छ ।

अहिले विद्यमान सबै दल धेरै हदसम्म सैद्धान्तिक, संरचनागत र व्यावहारिक रूपमा उस्तै छन् । देशमा विद्यमान सबै समस्या अन्ततः राजनीतिक समस्या नै हुन् र समाधानका उपाय पनि राजनीतिक नै हुन्छन् । नयाँ समाजको काल्पनिकी खोज्ने कार्य पनि दलहरूबाटै हुन्छ ।

पार्टी स्थापनापछि २००६ सालमा नेपाली कांग्रेसले जारी गरेको घोषणापत्र तथा २००६ सालमै सार्वजनिक गरिएको नेपाल कम्युनिस्ट पार्टीको घोषणापत्र नै नेपालका दलहरूका पहिला घोषणापत्र हुन् । यद्यपि यी निर्वाचन घोषणापत्र नभई तत्कालीन परिस्थिति विशेष पनि थिए । २०१५ सालबाट मात्रै दलहरूले निर्वाचनको समयमा घोषणापत्र निर्माण तथा प्रचार गर्दै आएको देखिन्छ । पञ्चायतमा प्रतिबन्धित समयलाई छाडेर २०४६ सालपछिका विभिन्न आम निर्वाचन २०४८, २०५१, २०५६ मा पनि घोषणापत्र सार्वजनिक हुँदै आए ।

दोस्रो जनआन्दोलनपछि २०६४ र २०७० मा संविधान निर्माणको लागि गरिएका निर्वाचनहरूमा समेत विभिन्न विषयवस्तु समेटेर घोषणापत्र जारी गरिएका थिए भने संविधान प्राप्त गरेसँगै भएको प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचन, २०७४ मा पनि दलहरूले घोषणापत्र निर्माण र सार्वजनिक गरेकै थिए । यसैको कर्मकाण्डी निरन्तरता स्वरूप प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचन, २०७९ को सन्दर्भमा पनि विभिन्न दलहरूले घोषणापत्र सार्वजनिक गरिसकेका छन् ।

नेपालले २०७२ सालमा नयाँ संविधान प्राप्त गरेसँगै लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक बनेपछिको यो दोस्रो प्रतिनिधिसभा तथा प्रदेश सभाको निर्वाचन हो । संविधान तथा यसले व्यवस्था गरेका शासकीय स्वरूपलाई कार्यान्वयन तथा थप संस्थागत गर्ने सवालमा केही काम भएतापनि जनअपेक्षा अनुरूप हुनुपर्ने धेरै काम भएन । एउटा लामो राजनीतिक संक्रमणपछि फरक सन्दर्भसहित भएको निर्वाचनमा चुनिएका प्रतिनिधि तथा तिनले चलाएका सरकारहरूले गर्नुपर्ने धेरै काम गरिएनन् ।

उनीहरूले अघिल्लो निर्वाचनमा अगाडि सारेका योजना र आजसम्म आउँदा तिनमा भएका कार्य प्रगतिलाई तुलना गर्दा निराशाजनक नतिजा देखिन्छ । पुराना घोषणापत्रमा भनिएका धेरै योजना पूरा भएका छैनन् ।

अघिल्लो निर्वाचनमा दलहरूले अगाडि सारेका कृषि र किसानमाथिका घोषणा तथा योजनामा यो पाँच वर्ष केही प्रगति देखिन्न । यो अन्तरालमा आएका महामारीलगायत संकटसँगै हाम्रो कृषि प्रणाली झन् संकटापन्न भएको छ ।

### पार्टी निर्माण, आन्दोलन र जनसवाल

अहिले निर्वाचनमा भाग लिएका नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी (जसपा) तथा अन्य दलहरूले आम किसानको समस्यालाई मुख्य मुद्दा बनाएर आफ्नो आन्दोलन तथा राजनीतिको जग निर्माण गरे । भूमिगत हुँदा, आन्दोलनमा छँदा गरिब किसानहरूको मुद्दामा बोल्ने उनीहरू सत्ता र शक्तिमा पुगेपछि भने मौन बसे ।

नेपाली कांग्रेसको पहिलो घोषणापत्र होस् या देश र जनताका लागि दश वर्ष युद्ध लडेर आएको ठान्ने माओवादी केन्द्र होस्, सबैले आफ्नो प्रारम्भमा बनाएका दस्तावेजहरू हेर्दा पनि उनीहरूले कृषिलाई महत्व दिएको देखिन्छ भने उनीहरू सरकारमा बसेको समयलाई समीक्षा गर्दा सिन्को भाँचेको भेटिंदैन ।

नेपाली कांग्रेसले २००६ सालमा जारी गरेको आफ्नो पहिलो घोषणापत्रमा भनिएको छ- 'जनताको आर्थिक उन्नति गर्ने, नेपाली समाजको आर्थिक आधार भनेको जमिन हो भन्दै भूमि व्यवस्था नै जनताको दरिद्रताको कारण भएकाले ठूला-ठूला जमिनदार र बिर्तावालाको जमिन परिश्रमी किसान र खेती मजदुरलाई दिनुपर्ने ।'

त्यस्तै नेपाल कम्युनिस्ट पार्टीले पनि २००६ सालमा जारी गरेको पहिलो घोषणापत्रमा भनिएको छ- 'विना मुआब्जा जमिनदारी प्रथा तथा सबैखाले सामन्ती शोषणको उन्मूलन र जोताहाहरूलाई जमिनको वितरण गर्नु, ग्रामीण ऋण खत्तम गर्नु, कृषि मजदुरलाई जीवनयोग्य ज्याला दिन आफ्नो दलको नेतृत्वमा आन्दोलन गर्ने । जमिन जोत्नेलाई देऊ, खेत मजदुरलाई पर्ती जग्गा वितरण गर, त्रिभागा तत्काल लागू गर, खेत मजदुरका लागि बाँच्न योग्य ज्याला देऊ ।'

नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टीले जारी घोषणापत्र सार्वजनिक भएको साढे चार दशक पछाडि तत्कालीन नेकपा (माओवादी) ले युद्ध सुरु गर्नुअघि संयुक्त जनमोर्चाको नामबाट अघि सारेका ४० सूत्रीय मागमा पनि कृषि र किसानी सम्बन्धी विभिन्न मागमा उल्लेख छ- 'जमिन जोत्नेको हुनुपर्छ, सामन्तहरूको जमिन जफत गरेर भूमिहीन तथा सुकुम्बासीहरूमा वितरण गरिनुपर्छ, अन्य मजदुरलगायत कृषि मजदुरको न्यूनतम ज्याला तोकिनुपर्छ, गरीब किसानहरूलाई पूर्णतया ऋण मुक्त गरिनुपर्छ, मल-बीउ सस्तो सुलभ हुनुपर्छ, किसानहरूलाई उत्पादन को उचित मूल्य र बजारको व्यवस्था गरिनुपर्छ ।'

### नेपालको पहिलो निर्वाचन मा दलका घोषणापत्रमा कृषि

दलहरूका अन्य दस्तावेजमा जस्तै निर्वाचनका घोषणापत्र हरू मा पनि कृषि जहिल्यै प्राथमिकता मा पर्छ । प्रजातन्त्र स्थापना पछाडि दुईवटा स्थानीय निर्वाचन भए पनि २०१५ सालको आम निर्वाचन नै पहिलो संसदीय निर्वाचन थियो ।

नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी तथा गोर्खा परिषदको सहभागिता भएको यस निर्वाचनमा नेपाली कांग्रेसले आफ्नो चुनावी घोषणापत्र, २०१५ सार्वजनिक गर्दै गाउँ, किसान र जग्गा भन्ने शीर्षकमा कृषि सम्बन्धी विभिन्न मुद्दाहरूको चर्चा गर्दै भूमि सुधारतर्फ ध्यान दिने कुरा गरिएको छ ।

भूमिबाट सामन्ती शोषण समाप्ति गर्दै किसान तथा खेतालाको अधिकार सुरक्षित गर्न र वैज्ञानिक तरिका तथा उपाय अपनाएर जग्गाको उत्पादन बढाउन विभिन्न काम गर्ने योजना सार्वजनिक गरेको थियो ।

जसमा बिर्ताको राष्ट्रियकरण, रजौटाको समाप्ति, जमिनदारी उन्मूलन, जमिनमा हदबन्दी तथा जमिनको पुनः वितरण गर्ने, सरकारले सहकारी खेतीलाई प्रोत्साहन गर्ने, असल मल तथा बीउको व्यवस्था मिलाउने, भूमि सेना बनाउने जसले कुलो, बाँध, सडक तथा बाँझो जग्गामा आवाद गर्ने, हदबन्दी भन्दा धेरै जमिन पुनः वितरण गर्दा भूमिहीनलाई प्राथमिकता दिने भन्ने थियो ।

त्यस्तै आम निर्वाचन, २०१५ को नेपाल कम्युनिस्ट पार्टीको कार्यक्रममा भनिएको छ- 'कृषि देशको आधार भएको तथा देशको उद्योगधन्दाको लागि पनि यो आवश्यक रहेको हुनाले कृषिमा सुधार ल्याउन र किसान जनताको क्रयशक्ति बढाई उनीहरूको जीवन सुखी बनाउन विभिन्न कार्य गर्ने कुरा उल्लेख थियो ।

रजौटा-राज्य र बिर्ता प्रथा उन्मूलन गरिने, जमिनमा हदबन्दी अतिरिक्त जमिन भूमिहीन किसानहरूमा वितरण गर्ने, सरकारी पर्ती जमिन भूमिहीन किसानलाई वितरण गर्ने र आवादी गर्न सहयोग गर्ने, तमसुक जाँच कमिसन बनाउने, जाली तमसुक रद्द गर्ने, खेताला तथा ज्यामीहरूको न्यूनतम ज्याला तोक्ने, कुलो, बाँध, पैनी, नहरको व्यवस्था गर्ने, किसानलाई ऋण दिन सरकारी बैंक स्थापना गर्ने, भोकमरी तथा अनिकालको निमित्त धर्म-भकारी प्रथा चलाउने, गाउँ पशु चिकित्साको निमित्त गाउँघरमा अस्पताल स्थापना गर्ने ।'

आम निर्वाचन २०१५ पछाडि भएका राजनैतिक परिवर्तनले दलहरूलाई थोरै भए पनि कृषि बिगारेको तथा किसानको दैनिकी नसुधारेको अपजस पाउनबाट उन्मुक्ति दिएको छ । स्वाभाविक रूपमा यो बीचमा करिब ३० वर्षसम्म भएको पञ्चायत शासन जिम्मेवार रहने परिस्थिति थियो । यद्यपि पहिलो जनआन्दोलनपछि प्राप्त भएको अवसरलाई समेत सदुपयोग गर्न नसक्नुमा दलहरूकै कमजोरी देखिन्छ ।

२०४६ पछि सम्पन्न भएका तीन निर्वाचन-आम निर्वाचन २०४८, २०५१ तथा २०५६ पालैपालो तत्कालीन, कांग्रेस, नेकपा (एमाले) ठूलो दल बनेको र पटक-पटक सरकारको नेतृत्व गरेको, सरकारमा गएको तर कृषि र किसानीका पुरानै मुद्दा समेत ज्यूँका त्यूँ राखेको तथ्य आज पनि उनीहरूले आफ्नो घोषणापत्रका कृषिका मुख्य मुद्दामा उल्लेख गर्ने विषय उही र उस्तै हुनु हो ।

त्यस्तै लामो युद्ध र दोस्रो जनआन्दोलन २०६२/६३ को जगमा संसदीय राजनीतिमा उदाएका नेकपा माओवादी र तराई मधेशकेन्द्रित दलहरूले पनि कृषि र किसानीलाई आफ्नो चुनावी मुद्दा र भाषणका एजेन्डा बनाउन मात्रै प्रयोग गरिरहेको कुरा पछिल्लो डेढ दशकको उनीहरूको घोषणापत्रहरू मा सधैं दोहोरिरहेका घोषणाहरूले देखाउँछ ।

यसरी कृषि र किसानीका मुद्दा उठाएर पटक-पटक सत्ता भोग गरे पनि कृषि र किसानीको अवस्थामा थोरैसम्म सुधार ल्याउन नसक्नुले उनीहरू पनि किसानी हितको परीक्षामा अनुत्तीर्ण नै देखिन्छन् ।

कृषि प्रदान देशमा किसानकै मत लिएर निर्वाचित भएका तथा बहुमतसहित पटक-पटक सरकार मा पुगेका हाम्रा नेतृत्वले कृषि र किसानलाई भने निराश मात्र पारेनन्, जहाँको त्यहीं मात्र छोडेनन् झन् झन् रुग्ण तथा कमजोर समेत बनाए । परिमाणस्वरूप अघिल्लो निर्वाचनमा गरेका बाचा फेरि जस्ताको त्यस्तै दोहोऱ्याएका छन् ।

गएको पाँच वर्षमा राजनैतिक अस्थिरता भए पनि देशका मुख्य दल सबैले सत्ता भोग र सरकार संचालन गरेको हुँदा खेती र किसानी सुधार्ने ती दलको नेतृत्व तथा सरकारहरूले गरेका कार्यहरूलाई नेपालको कृषिमा सरोकार राख्ने सबैले हेर्न जरूरी छ ।

यस आलेखमा दलका घोषणापत्र मा कसरी कृषि र किसानीका मुद्दाहरू दोहोरिन्छन् भन्ने प्रष्ट हुन प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचन, २०७४ तथा २०७९ मा दलहरूले प्रकाशित गरेका घोषणापत्रको सहयोग लिएका छौं । यो अध्ययनलाई सहज पार्न दलहरूले कृषि र किसानीसँग सरोकार राख्ने मुख्य भूमि, उत्पादन, आयात/निर्यात, सिंचाइ, बजार, मल तथा प्राङ्गारिक कृषिमा गरेका व्यवस्थालाई संक्षेपीकरण गर्दै विश्लेषण गरेका छौं ।

### भूमि

प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचन, २०७९ मा सार्वजनिक भएका घोषणापत्रमा चर्चा गर्दा अघिल्लो निर्वाचनमा साझा घोषणापत्र सार्वजनिक गर्ने घटकमध्ये एक नेकपा (एमाले) ले भूमि सम्बन्धी अघिल्लै निर्वाचनमा गरेका वाचाहरूलाई फेरि दोहोऱ्याएको छ । अघिल्लो निर्वाचनमा घोषणा गरेको भूमिसम्बन्धी सम्पूर्ण समस्या समाधान गर्ने कुरा यो पटक फेरि दोहोरिएको छ ।

यही मुद्दालाई अर्को दल माओवादी केन्द्रले कृषि क्षेत्रको रूपान्तरण अन्तर्गतको भूमि सम्बन्धी पुरानै योजना अगाडि सारेको छ भने तत्कालीन नेकपा (एमाले) फुटेर बनेको नेकपा (एकीकृत समाजवादी) ले पनि हाम्रा कार्यक्रमिक प्रतिबद्धताको तीन नम्बर बुँदामा भूमिको वैज्ञानिक व्यवस्थापनः भू-उपयोग नीतिमा परिवर्तनअन्तर्गत पुरानै वैज्ञानिक भूमिसुधारलगायतका योजना दोहोऱ्याएको छ ।

अहिलेको वाम लोकतान्त्रिक गठबन्धनको अर्को महत्वपूर्ण साझेदार नेपाली कांग्रेसले पनि

वांकी ५ पेजमा...

# सुनसरी जिल्लाका मतदान स्थलहरुका अनुगमन



सुनसरी । मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनलाई भएरहित र निष्पक्ष सम्पन्न गराउने उदेश्यले सुनसरी जिल्लाका सिमावर्ती क्षेत्रका मतदान स्थलहरुको निरीक्षण तथा अनुगमन भएको छ ।

प्रदेश न. १ का निमित्त प्रमुख सचिव किशोर कुमार चौधरी, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव उमेश बस्नेत, नेपाली सेनाका सहायक रथी रन्जीत थापा, १ न. प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रहरी नायव महानिरिक्षक सुदिप गिरी, शसस्त्र नायव महानिरिक्षक कमल गिरी, अनुसन्धान निर्देशन कृष्ण प्रसाद खनाल, सुनसरी जिल्लाका प्रमुख निर्वाचन अधिकृत, सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सुनसरी जिल्लाका प्रहरी प्रमुख सहितको टोलीले सुनसरी जिल्लाका सिमावर्ती क्षेत्रका मतदान स्थलहरुको निरीक्षण तथा अनुगमन गर्नु भएको हो ।

जिल्ला प्रशासन कार्यालय सुनसरीमा प्रदेश निर्वाचन कमाण्ड पोष्टद्धारा सुनसरीका प्रमुख निर्वाचन अधिकृत लगायतका टोलीसंग छलफल तथा अन्तकृया पश्चात निमित्त प्रदेश सचिव तथा प्रमुख निर्वाचन अधिकृत सहितको टोलीले सुनसरी जिल्लाका सिमावर्ती क्षेत्रमा पर्ने कोशी गाउपालिका, भोक्राहा नरसिंह गाउपालिका, देवानगञ्ज गाउपालिका, हरिनगरा गाउपालिका र दुहवी नगरपालिकाकामा रहेका मतदान स्थलहरुको निरीक्षण तथा अनुगमन गर्नु भएका छन् ।

## प्रतिबन्ति लागु औषध सहित एक जना प्रहरीका फन्दामा

झापा । झापाको बुद्धशान्ति गाउँपालिका-३ स्थितबाट प्रतिबन्धित लागुऔषध सहित १ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा कचनकवल गाउँपालिका-१ झापा घर भई बुद्धशान्ति-३ मा बस्दै आएका ३१ बर्षीय मोहमद हुसेन रहेका छन ।

लागुऔषध नियन्त्रण व्युरो काकरभिट्टा, इलाका प्रहरी कार्यालय धुलाबारी र बुधबारेबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा हुसेनको साथबाट १०२ ग्राम ब्राउन सुगर बरामद गरेको हो भने मेचीनगर-८ का बिकाश राजबंशीको कोठामा लुकाई राखेको २५ ग्राम २५० मिलि ग्राम ब्राउ सुगर र डिजिलट तराजु १ थान समेत बरामद गरेको थियो ।

प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित पक्राउ परेका हुसेनको इलका प्रहरी कार्यालय धुलाबारीबाट थप अनुसन्धान भईरहेको र बिकाश राजबंशी घरकोठामा नरहेकोले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।


हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति ळिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १


# दीर्घायू र स्वस्थ जीवनका लागि साकाहारी भोजन



साकाहारी र मांसाहारीमध्ये कुन भोजन कुन राम्रोरु भन्नेरु विषयमा बेरुला-बेरुलामा बहस र चर्चा हुने गर्छ। हरेरुक सिक्काका दुई पाटा हुन्छन् भनेरुजस्तैरु दुवैरु खानाकोरु फाइदा र बेरुफाइदा हुन्छन्। तर कम र बढीमा भर पर्दछ ।

मानिसहरुकोरु एक आम धारणा के छ भने साकाहारी भोरुजनलेरु कम तागत दिन्छ जसकोरु कारण मानिस कमजोरुर, दुब्लोरु पातलोरु र अस्वस्थ हुन्छ। हाम्रोरु समाजमा गर्भवती र सुत्केरुरी समयदेरुखि प्रशस्त माछा, मासु, अण्डा खानदिने र बच्चालाई पनि मासु खान र खुवाउन अभिभावक हरुबाट प्रेरित गरेको पाइन्छ ।

मासुलाई शक्तिवर्द्धक खानाकोरु रुपमा लिइए पनि सँगैरुसँगै कैयौं रो पनि निम्त्याउँछ मासुले। यस लेरुखमा काल्पनिक र धार्मिक कुराकोरु आधारमा नभई खोरुजबिनकोरु आधारमा वैरुज्ञानिक तर्कसंगत हिसाबल शाकाहारी र मांसाहारी खानाकोरु तुलना गरिएकोरु छ ।

मानिस सर्वकांक्षी प्राणी होरु। मानिसलेरु दुवै भोरुजन खान्छ। कुनैरु जलवायु तथा भौरुगोरुलिक विकटता भएकोरु हिमाली तथा पहाडी क्षेरुत्रमा मासु खानेरु अन्तिम विकल्प हुनसक्छ। जहाँ पर्याप्त मात्रामा बालीजन्य प्रोरुटिनकोरु अभाव रहन्छ। वैरुज्ञानिक अनुसन्धान तथा विश्वभरका चिकित्सकहरुकोरु अनुभवमा मासुमा केरुवल केरुही प्रोरुटिनयुक्त पोरुषण तत्व पाइन्छ। तर सागपात, फलफूल, दूध, अनाज आदिकोरु सेरुवनले शरीरकोरु लगभग सबैरु आवश्यक पोरुषक तत्व प्राप्त हुन्छ ।

प्राकृतिक हिसाबलेरु भन्नुपर्दा मानिस मांसाहारी होरुइन। मानिसकोरु शारीरिक संरचना अनुसार साकाहारी भोरुजन मानवका लागि स्वभाविक भोरुजन होरु। मान्छेरु, बाँदर, घोरुडा, गाई यी सबैरुका दाँत एक समान सपाट हुन्छन्। जबकि मांसाहारी जनावरका दाँत लामा, तिखा र धेरुरैरु हुन्छन्। जसकोरु सहायतालेरु काँचोरु मासु लुछेरुर च्याति-च्याति खानेरु गर्दछन् ।

**साकाहारी र मांसाहारी मा फरक**

प्रकृतिलेरु मानिसकोरु शरीर साकाहारी भोरुजनका लागि बनाइदिएकोरु होरु न कि मांसाहारका लागि। साकाहारी व्यक्ति रोरुगी पशु तथा सडेरुगलेरुकोरु मासु खानबाट र रोरुगबाट बच्न सक्छ। तर आजभोरुलि व्यापारिक नाफा कमाउनकोरु लागि तरकारी तथा फलफूलमा अनावश्यक विषादी प्रयोरुग गर्ने हुनाले दुवैरु भोरुजनबाट मानव स्वास्थयमा प्रतिकूल असर परिरहेरुकोरु छ ।

सर्वसाधारणदेरुखि उच्च तहका आम मानिसमा अण्डा र माछामासुबाट अधिक प्रोरुटिन पाइन्छ भन्नेरु मान्यता छ। तर वास्तविकतामा सय ग्राम अण्डामा १३ ग्राम प्रोरुटिन, मासुमा १८ देरुखि २२ ग्राम, भटमासमा ४३ ग्राम, पनिरमा २४ ग्राम, बदाममा २६ ग्राम, मुसुरोकोरु दालमा २४ ग्राम र चनामा २४ ग्राम प्रोरुटिन पाइन्छ। यसबाट प्रष्ट हुन्छ कि पशुजन्य मासुबाट भन्दा बालीजन्य खानाबाट बढी मात्रामा प्रोरुटिन पाइन्छ ।

यसैरुगरी मासुबाट प्रचुर मात्रामा क्यालोरुरी पाइन्छ भन्नेरु आमधारणा रहेरुकोरु पाइन्छ। तर यथार्थमा १०० ग्राम अण्डामा १७३ ग्राम क्यालोरुरी, मासुमा एक सय १४ देरुखि एक सय ९४, भटमासमा चार सय ३२, बदाममा पाँच सय ७०, चनामा तीन सय ४७ र मुग दालमा तीन सय ३४ क्यालोरुरी शक्ति पाइन्छ ।

मांसाहारी भोरुजनमा रेरुसा बिल्कुल हुँदैरुन। रेसा भएको खानाले मानिसकोरु पाचन प्रणालीमा कुचोरुकोरु रुपमा सफाइकोरु काम गर्दछ। मासुकोरु अति प्रयोरुगलेरु आन्द्रा तथा पेरुटकोरु मासु र बोरुसोरु बढ्नालेरु मानिसकोरु मोरुटोरुपन बढ्नेरु, उच्च रक्तचाप, मधुमेरुह, क्यान्सर रोरुगलाई बढावा दिनेरु र यसका साथैरु मदिरा सेरुवनलाई आकर्षण गर्ने र आर्थिक भार बढ्न गई पारिवारिक तथा सामाजिक झैरुझगडा र कलहसमेरुत निम्त्याउनेरु गर्दछ ।

मांसाहारलाई उचित भण्डारणका लागि उचित तापक्रम र छोरुटोरु समयमा उपभोरुग गर्नुपर्ने हुन्छ। मांसाहारमा ब्याट्रियल इन्फेरुक्सन छोरुटोरु समयमा हुनेरु हुनालेरु अस्वस्थकर खानाकोरु रुपमा लिइन्छ। तर साकाहरी भोरुजन लामोरु समयसम्म कम लगानीमा भण्डारण गरेरुर राख्न सकिन्छ। खाद्य संक्रमणकोरु सम्भावना पनि कम रहन्छ ।

रोगी पशु, मरेरुकोरु जनावरकोरु मासु, झोरुक्रेरुका रोरुगी कुखुराहरु हामीलेरु कहीं कतैरु विसर्जन गरेरुकोरु पाउँदैरुनौं। हामी काठमाडौं बाहिर जाँदाआउँदा बाटोरुमा खाना खान्छौं। तर त्योरु खाना-मासु खाएकोरु दुई घण्टापछि पेरुट पोरुल्न र दुख्न सुरु गर्छ। त्यस्तो खानामा संक्रमित मासु, अत्यधिक मसला, चिल्लोरु र खुर्सानी प्रयोरुग हुनालेरु नैरु यस्तो भएकोरु होरु। त्यसैरुलेरु यात्रामा जहिलेरु पनि साकाहारी बनौं, सके सधैंभरिलाई ।

मानव शरीरलाई आवश्यक पर्ने करिब २४ प्रकारका खनिज तत्व जसलेरु शरीरकोरु बृद्धि, मर्मत र आवश्यक कार्य नियमन गर्छ। त्यस्ता चिजहरु माटोरुमुनि पाइनेरु चिजहरु, दाल तथा गेरुडागुडीबाट प्राप्त गर्न सकिन्छ ।

**मांसाहारका बेफाइदा**

मासुमा पाइनेरु अधिक प्रोरुटिनलेरु कलेरुजोरुलाई प्रभावित गर्छ जसकोरु कारण कलेरुजोरु खराबसमेरुत हुन सक्छ । शरीरमा कोरुलेरुस्ट्रोरुल को मात्रा बढ्न गई हृदय रोरुग, मिर्गौरुला रोरुग, मधुमेरुह, उच्च रक्तचापजस्ता समस्या भई मान्छेरु मर्न सक्छ। दाँतमा समस्या आउनेरु र छिटोरु खराब हुनेरु सम्भावना हुन्छ। मांसाहारीकोरु युरिक एसिड बढ्न गई शरीरकोरु हड्डी तथा जोरुर्नीहरुमा दीर्घ समस्या आउँछ ।

मांसाहारीमा फुड पोइजनिङकोरु सम्भावना धेरुरैरु रहन्छ । साथैरु मासुका पारखीहरुलेरु चिल्लोरु पिरोरु र धेरुरैरु मसला प्रयोरुग गर्ने हुनालेरु ग्याष्ट्रिक, अल्सर, कब्जियत तथा ठूलोरु आन्द्राकोरु क्यान्सर एपेरुण्डिसाइड र पाइल्सजस्ता समस्या आउँछन्। यसैरुगरी छालाकोरु समस्या, मृगीरोरुग, पत्थरीकोरु सिकायत, रक्तअल्पताजस्ता समस्याहरु भई मानिस दीर्घरोरुगी हुन्छ। जुन मानिसलेरु मांसाहारी भोरुजन अधिक प्रयोरुग गर्छ उसलेरु शारीरिक संरचना विरुद्धकोरु काम गरिरहेरुकोरु हुन्छ। शिथिल भई निष्क्रिय जीवन बिताउँछ ।

**साकाहारका फाइदा**

साकाहारी भोरुजन सस्तोरु, रोरुग निरोरुधक, शक्तिबर्धक, पाचन प्रक्रिया सजिलोरु, पेरुट सम्बन्धी रोरुग न्यून, उच्च प्रोरुटिन, उच्च कार्बोहाइड्रेरुट, सन्तुलित भोरुजन, निरोरुगी हुन्छ। प्रशस्त मात्रामा सागपात खानाले आँखामा समस्या नआउनेरु, उच्च रक्तचाप, हृदय रोरुग, मधुमेरुह, मिर्गौरुला रोरुग, क्यान्सर जस्ता समस्याबाट टाढा रहन गई मानिस बुढेरुसकालमा जवान देरुखिन्छ। अधिकांश मानिसकोरु दिसा कब्जियत हुनेरु र हल्का मन्द टाउकोरु दुखिरहनेरु समस्याबाट बच्नका लागि हरियोरु सागपातकोरु झोरुल र फलफूलकोरु रस उत्तम मानिन्छ। साकाहारी भोरुजनले मानिसकोरु मस्तिष्क कार्यक्षमतालाई बढाउनेरु भएकालेरु यसलाई 'स्मार्ट फूड' पनि भन्नेरु गरिन्छ। जर्मनीमा गरिएकोरु शोरुधकार्यलेरु योरु पत्ता लगाएकोरु छ। साकाहारी भोरुजन ज्यादा प्रयोरुग गर्नेहरुलाई हृदयघात तथा क्यान्सरबाट बचाउन सकिन्छ। किनकि यसमा कैरुरोरुटिनाइड नामक रसायन पाइन्छ। योरु रसायन विशेरुषत: पालक, टमाटर, गाँजर, हरियोरु खुर्सानीमा पाइन्छ ।

साकाहार र मांसाहार खाना मान्छेरुकोरु छनोरुटमा भर पर्दछ। कुन खाना मानव स्वास्थ्यकोरु लागि अति उत्तम छ भन्नेरु कुरा माथिकोरु छलफलबाट हामी प्रष्ट हुन्छौं। मानव जीवन यस धर्तीमा एकपटकोरु लागि हुन्छ। एकपटक प्रकृतिलेरु दिएकोरु मानवरुपी जीवन सही आहारबाट जिउन सकेरु दीर्घ, स्वास्थ्य र सुखी जीवन जिउन सकिन्छ ।

धूमपान, मद्यपान, अधिक माछामासुकोरु प्रयोरुगलेरु रोरुगी भएर औरुषधिकोरु भरमा बाँच्नुपर्ने हुन्छ। जिब्रोरुकोरु स्वादका लागि जेरु पनि खाइदिनालेरु शरीरकोरु लागि अपाच्य हुन्छ। हालकोरु अध्ययन-अनुसन्धानबाट संसारभरका मानिसकोरु औरुसत आयु बढेरु पनि रोरुगी भएर बाँचिरहेरुका छन्। खान नपाएरभन्दा खान नजानेरुर मर्नेकोरु संख्या संसारमा धेरुरैरु छ। त्यसैरुलेरु साकाहारी भोरुजन रोरुजौं, शरीरलाई दीर्घ, स्वस्थ र निरोरुगी राखौं ।



## संस्थागत लोकतन्त्र, संघियता र शुशासनका लागि नागरिक खबरदारी




विराटनगर । नागरिक समाज नेपालले संस्थागत लोकतन्त्र, संघियता र शुसाशनका लागि विराटनगरको महेन्द्र चौकमा शनिवार नागरिक खबरदारी कार्यक्रमको आयोजना गरिएको थियो ।

उक्त खबरदारी सभाका प्रमुख अतिथी बृहत मधेश नागरिक समाजका अध्यक्ष सुर्यनाथ प्रसाद सिंहले भने मंसिर ४ गते हुने प्रतिनिधीसभा र प्रदेशसभाको निर्वाचनमा इमान्दार नागरिक प्रति वफादार र नागरिक समाजले उठाएका मुद्दाहरु सम्बोधन गर्ने उम्मेदवारलाई मतदान गरी विजय गराउन आम मतदातासंग आग्रह गरेका थिए ।

नागरिक समाज नेपालले ८ बुद्धे माग राखी मधेश प्रदेश र प्रदेश नं. १ का जिल्ला तथा निर्वाचन क्षेत्रहरुमा नागरिक खबरदारी कार्यक्रमको आयोजना गर्दै आएका छन् ।

सो खबरदारी कार्यक्रम नागरिक समाज नेपालका संयोजक कुमार कमलेन्द्रम्को सभापतित्वमा सम्पन्न भएको थियो ।

नागरिक समाजका मागहरु :

१. सेना विघटन गर । समानुपातिक राष्ट्रिय सुरक्षा बल गठन गर ।

२. शक्ति पृथकीकरणको सिद्धान्त अवलम्बन गर ।

३. विकास र समृद्धिको मूल फुटाउने संवाहकलाई चुनौं ।

४ एउटै व्यक्ति २ वटा कार्यकारी पदमा र दुई कार्यकाल भन्दा बढी नबसौं ।

५. पोषयुक्त खाना, शुद्ध खानेपानी हरेक नागरिकको अधिकार ।

६. राज्यका विभिन्न निकायमा हुने राजनैतिक भर्ति बन्द गर ।

७ शिक्षा,, स्वास्थ्यमा नीजिकरण, व्यापारीकरण बन्द गर । ८. इन्कलाप जिन्दावाद ।

# अगामी पाँच वर्षका लागि प्रतिनिधीसभा र प्रदेशसभा सदस्य चयनका लागि आज मतदान

विराटनगर । आगामी ५ वर्षका लागि प्रतिनिधिसभा र प्रदेशसभा सदस्य चयनका लागि आज मतदान हुँदैछ ।

प्रतिनिधिसभाका २७५ र प्रदेशसभाका ५५० सदस्य चयनका लागि मतदान हुदैछ र देशभर १ करोड ७९ लाख ८८ हजार ५७० मतदाता रहेका निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचन गराउन आयोगबाट खटिएका कर्मचारी आवश्यक सबै सामग्री लिएर मतदान केन्द्रमा पुगिसकेका छन् । उनीहरुले आइतबार विहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म हुने मतदानका लागि लाइन लाग्ने, मतपत्र लिने, मत संकेत गरेर मतपेटिकामा खसाल्नका लागि सहज हुने गरी सबै तयारी पूरा गरिसकेका छन् ।

शनिबार दिउँसो आयोजित पत्रकार सम्मेलनमा प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन आवश्यक पर्ने सम्पूर्ण तयारी पूरा गरेको जानकारी दिएका छन् ।

'निर्वाचन, प्रतिनिधिमूलक शासन व्यवस्थाको आधारशीला भएको र आफूले रोजेको प्रतिनिधिमार्फत शासन संचालन गर्न पाउने जनताको अधिकारलाई निर्वाचनले नै वैधता र सुनिश्चितता प्रदान गर्ने हुँदा निर्धक्क भएर मतदान गर्नु हुन हार्दिक अपिल गर्दछु' उनले भनेका छन् ।

मतदानका आफ्नो घरसम्म पुग्न र मतदान गरेर काममा फर्किन सर्वसाधारणलाई सहज होस् भनेर आयोगले शुक्रबारदेखि मतदानको भोलिपल्ट सोमबारसम्म सार्वजनिक विदा दिएको छ । निर्वाचनको स्वतन्त्रता र निष्पक्षतामा कतैबाट प्रश्न उठाउन सक्ने अवस्था सिर्जना नहोस् भन्ने ध्येयले आवश्यक तयारी गरिएको थपलियाले बताए ।

बल प्रयोग गरी वा डर, त्रास देखाई मतदान केन्द्र कब्जा गर्न खोज्ने, कुनै मतदातालाई बाटो वा गौडा छेकी मतदान केन्द्रमा जान नदिने, मतपत्र, मतपेटिका वा मतदान सामग्री खोस्न, लुट्न, नष्ट गर्न वा कब्जामा लिन खोज्ने जो कोहीलाई तत्काल कारबाही गर्ने आयोगले चेतावनी दिएको छ ।

निर्वाचन सुरक्षाका लागि नेपाली सेनाका ७४ हजार ८४९, नेपाल प्रहरीका ७१ हजार ६९३, सशस्त्र प्रहरी बलका ३५ हजार ११६, राष्ट्रिय अनुसन्धान विभागका १ हजार ८२१ सुरक्षाकर्मी खटिएका छन् । त्यस्तै चुनावका लागि नै भर्ना भएका १ लाख १५ हजार म्यादी प्रहरी पनि सुरक्षामा खटिएका छन् ।

प्रतिनिधिससभामा देशभरका १६५ निर्वाचन क्षेत्रबाट प्रत्यक्ष (पहिलो हुने निर्वाचित हुने) प्रणालीबाट र ११० जना समानुपातिक निर्वाचन प्रणालीबाट चयन हुनेछन् । त्यस्तै प्रदेशसभामा ३३० जना प्रत्यक्ष र २२० जना समानुपातिक पद्धतिबाट निर्वाचित हुनेछन् ।

पतिनिधिसभाको प्रत्यक्षतर्फको १६५ निर्वाचन क्षेत्रमा दुई हजार ४१२ उम्मेदवार छन् । जसमा एक हजार ५४५ जना दलका र ८६७ जना स्वतन्त्र उम्मेदवार छन् ।

प्रदेशसभाको प्रत्यक्षतर्फ तीन हजार २२४ जना कुल उम्मेदवार छन् । जसमध्ये दुई हजार १३० जना दलका र एक हजार ९४ जना स्वतन्त्र उम्मेदवार छन् ।

चुनावका लागि देशभर १० हजार ८९२ वटा मतदानस्थलमा २२ हजार २२७ वटा मतदान केन्द्र रहेका छन् । निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी, कारागार र वृद्धाश्रमहरुमा गरी १४१ वटा अस्थायी मतदानस्थल तोकिएको छ । चुनावमा २ लाख ४६ हजार ९६० जना कर्मचारी खटिएका छन् ।

यी मतदानस्थलबाट अस्थायी मतदातामा दर्ता भएका ४ लाख ५० हजार जनाले प्रतिनिधिसभा सदस्यका लागि समानुपातिकमा मात्र मतदान गर्न पाउनेछन् । यो चुनावमा आयोगमा दर्ता भएकामध्ये ६१ दलले प्रत्यक्षतर्फ भाग लिएका छन् भने समानुपातिकतर्फ ४७ दलले सहभागिता जनाएका छन् ।

## के मानिसले घाँस खान सक्छ ?



घाँसपात आमरुपमा विषालु हुँदैन । गाइवस्तुको खानेकुराका लागि यसको सबैभन्दा धैरै हुन्छ । घाँसपातले पशुहरुलाई पोषक तत्वको का मगर्दछ । तर मानिसको पाचन क्रियामा घाँसको पोषक मूल्य कम हुन्छ । आखिर खाँस जस्तै हरिया उपजहरु मानिसले किन पचाउन सक्दैन त ?

वास्तवमा घाँसमा केही यस्ता उच्च सघनतायुक्त पदार्थ हुन्छन् जसलाई मानिसले पचाउन सक्दैन । घाँसमा लिगनिन, सेलुलोज तथा अर्गानिक पोलिमर हुन्छन् जसले वनस्पतीको कोशिकाहरुको निर्माणमा सहयोग गर्दछन् ।

लिगनिनका कारण वनस्पती लाई मजबुत स्वरुप मिल्दछ। यो एक कडा रासायनिक पदार्थ हो जसलाई पचाउन गाह्रो पर्दछ। घाँसमा यो तत्व सबैभन्दा धैरै पाइन्छ ।

यद्यपि कतिपय अध्ययनमा यस्ता प्रमाण पनि प्राप्त भएका छन् कि हाम्रो पेटमा लिगनिनलाई विच्छेदन गर्नसक्ने ब्याक्टेरिया पनि रहेका हुन्छन् । तर, पूर्णरुपमा भने होइन । किनकी घाँसलाई पूर्णरुपमा तोडेर पचाउन लायक बनाउने इन्जाइम हाम्रो सरीरमा हुँदैन ।

हाम्रो सरीरले सेलुलोज पनि पचाउन सक्दैन । त्यसैले यो पदार्थ पनि पेटमा पूर्ण रुपमा टुक्रिँदैन । यो दिसा हुँदै बाहिरिन्छ आफ्नो पूरानै स्वरुपमा । यसकै कारण हाम्रो दिसाले एक आकार ग्रहण गरेको हुन्छ ।

हामीले खाने सागपात तथा फलफूलमा पनि सेलुलोज तथा लिगनिन हुन्छ । तर त्यसको मात्रा निकै कम हुन्छ र मानिसले त्यसलाई पचाउन सक्दछ । यसले हाम्रो पाचन क्रियालार्य पनि सन्तुलित बनाउँदछ ।

चौरमा पलाउने घाँसमा चाहीँ धेरै पानी तथा लिगनिन हुन्छ । तर, गाजमा यो केवल एक देखि दुई प्रतिशत सम्म हुन्छ जुन खानयोग्य फाइबर हो, जसलाई सेलुलोज भनिन्छ । बाँकी कार्बोहाइड्रेट हुन्छ, त्यसैले हाम्रो सरीरले गाजर पचाउँदछ ।

गाइवस्तुले किन घाँसलाई चपाइरहन्छन् ?

गाई, बाख्रा, भैंडा, भैंसी, जिराफ लगायतले सजिलैसँग घाँस पचाउँदछन् । उनीहरुको पाचन प्रक्रियालाई रुमिनेसन भनिन्छ । यी जनावरहरुको पेट विभिन्न हिस्सामा बाँडिएको हुन्छ यी सबै जीवले घाँसले धैरै पटक चपाउँदछन् र निल्दछन् । जुन हिस्सा निलिँदैन त्यसलाई पुनः चपाएर निल्दछन् । यसो गर्दा ती जनावरको पाचनमा सुधार हुन्छ । यसरी मज्जाले चपाएको घाँस जब विभिन्न हिस्सामा बाँडिएको पेटमा पुग्दछ, तब सजिलैसँग पच्दछ । साथै गाईवस्तुको पेटमा यस्तो ब्याक्टेरिया हुन्छन्, जसले घाँसलाई पचाउन सहयोग गर्दछ ।

पेटमात्र हैन दाँतका लागि पनि हानिकारक हुन्छ घाँस

मानिस तथा अन्य विभिन्न जिवहरुको पेट भन्दा गाईवस्तु तथा भेडाबाखा पेट निकै निकै जटिल हुन्छ । घाँस हाम्रो पेटमा न त पच्दछ, न त ठीक नै हुन्छ । यदि तपाइँले घाँस खाने कोसिस गर्नुभयो भने दाँतलाई नै हानी पुग्दछ । किनकि घाँसमा सिलिकाको मात्रा धेरै हुन्छ । यसले दाँतलाई झारिदिन सक्दछ । दाँतमा क्षति पूराएर तपाइँले जेनतेन घाँस निल्नुभयो भने यसले पेटमा पनि असर गर्दछ । अपच हुने मात्र होइन यसले कुपोषणको जोखिम पनि बढाउँदछ ।

तर कुनै पनि घाँस खान हुँदैन भन्ने चाहीँ होइन । खाँसका केही यस्ता प्रजाति छन् जसलाई खान सकिन्छ, पचाउन सकिन्छ । ती घाँसबाट मानिसले पोषक तत्व पनि लिन सक्दछ ।

इण्डियन राइस ग्रास, नटग्रास, बिस्टल ग्रास, टिमोथी ग्रास, व्हीट ग्रास, बार्ले ग्रास, केनरी ग्रास, क्र्याब ग्रास, शोरगम तथा वाइल्ड ओट घाँस मानिसले खान र पचाउन सक्दछ । एजेन्सी


क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक



हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया मोरंग, प्रदेश १



सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्याळ्य (गाउँपालिका वा तोकिएको वडा कार्याळ्यहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।

कटहरी गाउँपालिकाको कार्यालय कटहरी, मोरंग, प्रदेश १

## दलहरूको...

प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचन, २०७४ मा सार्वजनिक भएको वैज्ञानिक भूमि सुधारका लागि गर्ने भनेका विभिन्न कामहरू यस निर्वाचनको घोषणापत्रमा पनि हुबहु राखेको छ।

भूउपयोग नीति अनुसार भूमिको वर्गीकरण गरिने, भूमि बैंकको व्यवस्था गरी कृषि मजदुरलाई दिने, हलिया, सुकुम्बासी, मुक्त कमैयालाई भूमि उपलब्ध गराउने जस्ता कुराहरू फेरि दोहोऱ्याएको छ। त्यस्तै प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ को प्रतिबद्धतापत्रमा जनता समाजवादी पार्टी नेपालले पनि वैज्ञानिक भूमि सुधारको योजना समेटेको छ।

नेपालको खेतीपाती रसायनमा आधारित हुने कि जैविक भन्नेमा धेरै दलले ढुलमुले योजना बनाएका छन्। एकातिर पाँच वर्ष रासायनिक मल कारखाना बनाउने कुरा छ भने अर्कोतिर १० वर्षमा पूर्ण प्राङ्गारिक खेतीपाती बनाउने घोषणा गर्ने कुरा दलहरूलाई के विवेकले लगाउँछ ?

हाम्रो कृषि भूमिको वर्तमान अवस्था भने पार्टीको घोषणापत्र भन्दा धेरै कारुणिक पाइन्छ। २०६८ को जनगणना अनुसार कुल ५५ लाख २७ हजार ३०२ घरधुरी मध्ये १ लाख १५ हजार ५३६ घरधुरी भूमिहीन छन्। त्यसमाथि महिलाहरूको भूमिमाथिको पहुँच झन् नगन्य मात्रै छ।

करिब १९.७१ प्रतिशत महिलासँग मात्रै भू-स्वामित्व रहेको पाइन्छ जसमध्ये कृषिभूमिको मात्रा झनै न्यून छ। करिब ७ दशकदेखि भूमिहीनको भू-स्वामित्वको तथा वैज्ञानिक भूमि सुधारको घोषणा गर्दै आएका राजनैतिक दलहरूको घोषणाले लाखौं भूमिहीन, महिला किसान तथा श्रमिक किसानलाई छुनसम्म पनि सकेको छैन भने कतिपय स्थानमा हिजोका परम्परागत भूमिका समस्या समेत उस्तै छन्।

### उत्पादन, आयात, निर्यात

२०७४ मा साझा घोषणापत्रमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले दुई वर्षमा नेपाललाई खाद्यान्न, माछा, मासु, अण्डा तथा दूधमा आत्मनिर्भर बनाउँदै पाँच वर्षमा खाद्यान्न निर्यात गर्ने अवस्थामा पुऱ्याउने तथा १० वर्षमा उत्पादकत्व दोब्बर बनाउने योजना अगाडि सारेको थियो।

प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचन, २०७९ को घोषणापत्रमा नेकपा (एमाले) ले फेरि आगामी पाँच वर्षमा नेपाललाई खाद्य र पोषण सुरक्षित गरी भोकमरीमुक्त देश बनाउने, उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषि उत्पादनमा आत्मनिर्भर हुनेलगायत योजना अगाडि सारेको छ।

त्यस्तै माओवादी केन्द्रले आगामी पाँच वर्षमा प्रमुख खाद्यान्न, तरकारी, फलफूल, माछा, मासु, अण्डा र दूधमा मुलुकलाई आत्मनिर्भर तुल्याउनुका साथै कृषि उपजको निर्यात उल्लेख्य रूपमा बढाउन विभिन्न कार्य संचालन गर्ने भनेको छ भने नेकपा (एकीकृत समाजवादी) ले कृषि यन्त्र, मल, बीउ, प्रविधिको सहज उपलब्धता र कृषि उत्पादकत्व वृद्धिमा जोड दिएको छ।

गत निर्वाचनमा कृषिजन्य उपज बढाउन विभिन्न कार्य गर्ने वाचा गरेको नेपाली कांग्रेसले यो निर्वाचनमा पनि उस्तै योजनाहरू दोहोऱ्याएको छ। अघिल्लो निर्वाचनमा जस्तै यो निर्वाचनमा पनि जनता समाजवादी पार्टी नेपालले एक गाउँ एक उत्पादनको कुरा अगाडि सारेको छ।

एकातिर दलहरू चामत्कारिक रूपमा आयात घटाउने र निर्यात बढाउने कुरा गर्छन् तर दुर्भाग्य पछिल्लो १० वर्षमा कृषि उपजको आयात ३.२० गुणाले बढेको छ। कृषि उपज आयातको तुलनामा निर्यातको वृद्धि भने झनै निराशाजनक छ।

कृषि उपजको आयात ३ खर्ब नाघेको छ भने आर्थिक वर्ष २०७७/७८ मा मात्रै ७९.५९ अर्बको खाद्यान्न आयात भएको अवस्थामा दलहरूको आत्म निर्भरताका घोषणाहरूले दल हरूलाई नै गिज्जाइरहेको देखिन्छ भने कृषि र किसानीलाई झन् कमजोर बनाएको छ।

### बजार

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले २०७४ को साझा घोषणापत्रमा कृषि बजारको कुरालाई धेरै उल्लेख गरेको पाइन्न। तर बिक्री नभएका कृषि उपजलाई सरकारले किन्ने घोषणा चाहिं गरेको थियो।

नेकपा (एमाले)ले २०७९ को घोषणापत्रमा उत्पादन लागतमा उचित नाफा सहितको समर्थन मूल्य तोक्ने र उत्पादनकर्तासँग कृषि उपज खरिद सम्झौता गर्ने उल्लेख गरेको छ भने नेकपा माओवादी केन्द्रले प्रमुख कृषि उत्पादनको समर्थन मूल्य तोकी कृषकहरूले कृषि उपजको उचित मूल्य पाउने सुनिश्चित गर्ने उल्लेख गरेको छ।

'संरक्षित कृषि बजार, किसानको जीवनमा बहार' भन्ने मुख्य बुँदा नै राखेको एकीकृत समाजवादीले स्थानीय बजार व्यवस्थापनलाई जोड दिएको पाइन्छ। नेपाली कांग्रेसले २०७४ को चुनावी घोषणापत्रमा कृषि बजारलाई महत्व दिएको पाइन्छ। उसले कृषि बजार स्थल विकास, गुणस्तर प्रमाणीकरण केन्द्रहरूको स्थापना, स्थानीय तथा प्रादेशिक बजार प्रवर्द्धन गर्ने घोषणा गरेको थियो।

कृषि मूल्य शृङ्खलाको सीमित विकासलाई प्रमुख समस्याको रूपमा औंल्याएको कांग्रेसले २०७९ सालको घोषणापत्रमा पनि पुरानै कुराहरू दोहोऱ्याएको छ भने थप मसिनो धान र मुख्य आयात हुने खाद्यान्नको बजारमुखी उत्पादनको सुनिश्चितताको घोषणा गरेको छ।

कृषि बजारका समस्या बग्रेल्ती छन्। एकातिर किसानको उत्पादनको मूल्य निर्धारण पनि बिचौलियाले गर्ने तथा अर्कोतिर दैनिक उपभोग्य कृषि सामानको मूल्य पनि बिचौलियाले नै निर्धारण गर्ने गरेको हुँदा किसान दोहोरो मारमा छन्। बजार किसानबाट यति टाढा छ कि किसानले उत्पादनको मूल्य समेत पाउँदैनन्।

महँगो ब्याजमा लिएको पैसा खेतीपातीमा लगानी गरेका किसान ब्याज तिर्न विदेशिनु परेका घटना सर्वत्र पाइन्छ। बजार बिचौलिया को कब्जामा परेको अवस्थामा दलहरूको घोषणापत्रमा भएको वैज्ञानिक बजार व्यवस्थापनको कुरा किसानको लागि हात्ती आयो हात्ती आयो फुस्सा जस्तै भएको छ। जीवनयापन नै कठिन भएपछि किसानहरू क्रमशः पलायन हुँदैछन्।

### सिंचाइ

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले २०७४ को साझा घोषणापत्रमा 'कृषि भूमिमा पानी सिंचाइमा लगानी' नारासहित पाँच वर्षमा सम्पूर्ण सिंचाइ योग्य कृषि भूमिमा आधुनिक सिंचाइ प्रणाली लागू गर्ने योजना अघि सारेको थियो।

सोही नारासहित दोहोऱ्याएको नेकपा (एमाले) को अहिलेको घोषणापत्रमा अघिल्लो निर्वाचनकै सिंचाइ योजनाका कुराहरू पढ्न पाइन्छ भने नेकपा (माओवादी केन्द्र) को अहिलेकोघोषणापत्रमा सिंचाइको विद्युतीय महसुल कम गर्ने बाहेक अन्य घोषणा पाइन्न।

सिंचाइमा लगानीः कृषि योग्य जमिनमा पानी भन्ने मुख्य नारा नै बुँदामा समेटेको एकीकृत समाजवादीले नेपालको पानी नेपालमै भन्दै पूर्व पश्चिम मेघा नहरको योजना अघि सारेको छ।

सिंचाइलाई खासै उल्लेख नगरेको नेपाली कांग्रेसले २०७४ सालको निर्वाचनको घोषणापत्रमा सिंचाइका भौतिक पूर्वाधारको विकास गर्ने योजना अगाडि सारेको थियो भने अहिलेको घोषणापत्रमा पनि सोही कुरा अक्षरशः दोहोऱ्याएको छ भने सौर्य सिंचाइ बढाउने घोषणा गरेको छ।

जनता समाजवादी पार्टीले अहिलेको घोषणापत्रमा चालु सिंचाइ योजनाहरूको प्रभावकारी कार्यान्वयन गर्ने तथा पाँच वर्षभित्र सुनकोशी-कमला, भेरी-बबई, कर्णालीलगायत ठूला नदीहरूबाट पानी डाइभर्सन गरी देशैभरि सिंचाइ सुविधा पुऱ्याउने नीति लिने योजना अगाडि सारेको छ।

२६ लाख हेक्टर कृषियोग्य जमिन रहेको नेपालमा करिब १४ लाख हेक्टर जमिनमा सिंचाइ संरचना निर्माण भएको सरकारी तथ्याङ्क छ। सरकारी तथ्याङ्कले अंकित गर्ने कतिपय संरचना भत्किएको अवस्थामा छन्।

जलवायु परिवर्तनसँगै परिवर्तन भएको मौसमले आकाशेपानीको भरमा खेती गर्ने किसान चिरा परेको खेत र पहेंलिएको बालीसँगै परिचित छन् न कि राजनैतिक दलले चुनावैपिच्छे घोषणापत्रमा लेखेका सिंचाइको सुविधा पुऱ्याउने जमिनको क्षेत्रफलमा। आज पनि धेरै किसानको प्रमुख समस्या भनेकै सिंचाइ हो।

### मल

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले २०७४ को साझा घोषणापत्रमा आवश्यक रासायनिक मल देशभित्रै उत्पादन गर्ने सपना बाँडेको थियो। अहिलेको घोषणापत्रमा अघिल्लो घोषणालाई निरन्तरता दिंदै नेकपा (एमाले) ले पाँच वर्षभित्र रासायनिक मलको कारखाना स्थापना गरिने उल्लेख गरेको छ भने नेकपा (माओवादी केन्द्र) ले कृषि मल समयमै आयात गरी बाली लगाउनु भन्दा अगाडि खेतबारीमा पुऱ्याउने र प्राङ्गारिक मलको प्रयोग बढाउँदै रासायनिक मलको प्रयोग घटाउने उल्लेख गरेको छ।

यस्तै अर्को दल नेकपा (एकीकृत समाजवादी)ले कृषि उत्पादनमा आवश्यक रासायनिक र प्राङ्गारिक मल निर्माणको लागि मल कारखानामा जोड दिने कुरा उल्लेख गरेको छ।

आम निर्वाचन २०७४ मै ३ वर्षभित्र रासायनिक मल कारखाना स्थापना गर्ने घोषणा गरेको नेपाली कांग्रेसले अहिलेको घोषणापत्रमा पनि किसानलाई समयमै मल उपलब्ध गराउनका लागि सार्वजनिक निजी साझेदारी मोडेलमा स्वदेशमै रासायनिक, प्राङ्गारिक तथा सूक्ष्म पोषक तत्वको उत्पादन गर्ने व्यवस्था मिलाइने उल्लेख गरेको छ।

जनता समाजवादी पार्टी नेपालको प्रतिबद्धतापत्रमा आगामी दुई वर्षभित्र रासायनिक मल कारखाना खोल्ने योजना छ। राप्रपा नेपालको घोषणापत्रमा पनि रासायनिक मल कारखाना बढीमा तीन वर्षभित्र स्थापना गर्ने व्यवस्था छ।

दलहरूले आफ्नो घोषणापत्रमा रासायनिक मल कारखाना स्थापना, प्राङ्गारिक मल व्यवस्थापन जस्ता कुराहरू नछुटाई लेख्ने भएतापनि सरकारले हरेक वर्ष अरबौं रुपैयाँ रासायनिक मल खरिद र आयातमा खर्च गर्ने गरेको छ भने किसानहरू मलकै लागि घन्टौं लाइनमा बसेर रित्तोहात घर फर्किन बाध्य छन्। हरेक वर्ष मुख्य फसल रोप्ने बेला मल नपाएर छट्पटाएका किसानलाई यो केही वर्षभित्रै रासायनिक मल कारखाना बनाउने, प्राङ्गारिक मलको प्रयोग बढाउने वाचाहरू आकाशको फल आँखा तरी मर भने जस्तै भएका छन्।

### प्राङ्गारिक कृषि

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले २०७४ को साझा घोषणापत्रमा रासायनिक मल र विषादीको प्रयोगलाई कम गर्दै १० वर्षमा देशलाई प्राङ्गारिक बनाउने घोषणा गरेका थिए भने अर्कोतर्फ सोही बुँदामै रासायनिक मल कारखाना खोल्ने भन्दै दोहोरो चरित्र देखाएका थिए।

अहिले पनि नेकपा (एमाले)ले अर्गानिक कृषि कार्यक्रम सञ्चालन गर्ने, ईको टुरिजमलाई प्रवर्द्धन गर्ने, माटोको स्वच्छता बिग्रन नदिने र बिग्रेको माटोको स्वच्छता सुधारका लागि कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरेको छ भने रसायन मल कारखाना निर्माणको कुरालाई पनि सँगसँगै अझ बढी प्राथमिकतामा राखेको छ।

नेकपा (माओवादी केन्द्र) ले आफ्नो घोषणापत्रमा रासायनिक मलको प्रयोग घटाई, स्थानीयस्तरमा कुहिने फोहोरबाट प्राङ्गारिक मल निर्माण गर्ने र बायोचारको उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्ने कुरा उल्लेख गरेको छ।

अर्को पार्टी एकीकृत समाजवादीले आफ्नो घोषणापत्रमा रासायनिक मलमा बढेको निर्भरता घटाउँदै लैजाने र प्राङ्गारिक विषादी प्रयोग गर्ने नीति लिइने उल्लेख गरेको छ। देशको ठूलो राजनीतिक दल नेपाली कांग्रेसले आफ्नो घोषणापत्रमा मानव र पर्यावरण अनुकूल खेती प्राङ्गारिक खेतीलाई सम्बोधन समेत गर्न आवश्यक ठानेको छैन।

दलका घोषणापत्र किसानले के पत्याउने, किन पत्याउने ?

यसरी विभिन्न दलका घोषणापत्रहरू हरेक नयाँ निर्वाचनमा कृषि र किसानीका नयाँ मुद्दासहित आएका छैनन् भने पुराना योजना पनि पूरा गरेका छैनन्। जस्तोः हरेक निर्वाचनमा वैज्ञानिक भूमि सुधारको काम गर्ने योजना सबैजसो दलको घोषणापत्रमा रहेको छ तर काम शून्यप्रायः नै छ। बरु जमिनमा अहिले परम्परागत समस्या मात्र छैनन् नयाँ र विश्वव्यापी समस्या समेत थपिएका छन्। दुर्भाग्य यसबारे प्रायः सबै दल र तिनको दस्तावेज मौन छन्।

यसरी नै सबै कृषि र किसानीका मुद्दाहरूमा दलहरूले आफ्नै पुराना मुद्दाहरू हुबहु दोहोऱ्याएका मात्र छैनन् एकअर्काको घोषणापत्रमा भएको कृषि र किसानीको व्यवस्था समेत कतिपय ठाउँमा अक्षरशः र कतिपय सामान्य भाषामा तोडमोड गरेर नयाँ घोषणापत्रमा सार्वजनिक गर्ने गरेका छन्।

दलका घोषणापत्रहरूमा कृषि र किसानीका मुद्दाहरूमा भएका समस्या उही गति र मतिमा दोहोरिने मात्र होइन कतिपय मुद्दामा दलहरूमा दोधारे मनोवृत्ति समेत देखिन्छ। जस्तोः नेपालको खेतीपाती रासायनिकमा आधारित हुने कि जैविक भन्नेमा धेरै दलले ढुलमुले योजना बनाएका छन्।

एकातिर पाँच वर्षमा रासायनिक मल कारखाना बनाउने कुरा छ भने अर्को तिर १० वर्षमा पूर्ण प्राङ्गारिक खेतीपाती बनाउने घोषणा गर्ने कुरा दलहरूलाई के विवेकले लगाउँछ ? कतिपय व्यवस्था भने अन्दाजी, हावादारी र हचुवामा पनि आएको देखिन्छ। जसलाई पूरा गर्ने कुनै आधार, माध्यम र उपाय कतै र केही देखिंदैन। यसरी दलका घोषणापत्रमा रहेको कृषि र किसानीको मुद्दामा दलहरू थोरैसम्म पनि संवेदन शील देखिंदैनन्।

अन्त्यमा, लोकतन्त्र उन्नत हुन राजनीतिक दल उन्नत हुन आवश्यक छ। राजनीतिक दल उन्नत हुन ती दलले लिने नीति तथा कार्यशैली उन्नत हुनुपर्दछ। यसरी लिने नीति समग्र देशकै उन्नति र अवनतिको कारण तथा आधार हुनसक्छ।

लोकतन्त्रलाई उन्नत बनाउने अर्को एउटा आधार निर्वाचन हो र निर्वाचनमा आफ्नो प्रतिनिधि छान्ने आधार भनेको उम्मेदवार तथा उम्मेदवारको दलले निर्माण गर्ने घोषणापत्र तथा लिइने नीति नै हो। विकसित भनिएका देशमा कुनै दल तथा दलका उम्मेदवारले घोषणापत्रकै आधारमा निर्वाचनमा जाने र यसैको कारण सरकार समेत बनाउने काम हुन्छ। आफूले तथा आफ्नो दलले लिएका नीति तथा योजना अनुसार काम भए/नभएको आधारमा उम्मेदवार तथा उक्त दलको राजनैतिक भविष्य समेत फरक पर्छ।

दुर्भाग्य हाम्रोमा घोषणापत्रलाई न त दलहरूले न त अन्य सरोकारवालाहरूले उस्तो महत्व दिंदैनन्। यसैको कारणले करिब एक शताब्दी पुग्न लागेको दलहरूको राजनीतिले सधैं कृषिलाई धोका नै दियो। किसानहरूलाई सधैं मूर्ख नै मान्यो।

२००६ देखि २०७९ साल सम्म सात दशक भन्दा लामो अन्तरमा दुनियाँमा धेरै कुरा फेरिए। मानिसका दैनिकी फेरिए। जीवनपद्धति फेरियो। नेपालमा दलहरूको जन्म भएसँगै जन्मिएका पुस्ता सकिए। घोषणापत्र पढिदिनुपर्ने अर्को पुस्ता आयो तर दलहरूले कृषि र किसानीमा गर्ने कुराहरू भने फेरिएनन्।

विश्वमा खाना र खेतीपातीमा नयाँ-नयाँ सम्भावना, चुनौती आए र गए, खेतीपातीमा नयाँ-नयाँ आयाम थपिए, फुत्किए तर दल र हाम्रा उम्मेदवारहरू आज पनि लाज नै नमानी उनै पुराना कृषि नारा र योजना दिएर जान्छन्।

यो समयावधिसम्म नेपाली कांग्रेसले कतिपटक सरकार र सत्ताको मह चाट्यो ? नेकपा नाम गरेका कति होलसेलर र कति खुद्रा पसलेहरूले सरकार र सत्ताको तर मारे, कति पञ्चे, कति मण्डले कति स्वतन्त्र कति परतन्त्र आएर गए तर कृषि र किसानी भने झन् झन् जर्जर र जीर्ण बन्दै गयो। उनीहरूले फुस्ल्याइरहे किसानहरूले पत्याइरहे, उनीहरूले गफ लगाइरहे किसानहरूले ताली बजाइरहे।

दल, नेताहरू गाउँ आउँदै जाँदै गरे हामी चुपचाप उनीहरूलाई बाँदरलाई लिस्नो दिंदै गयौं। यसरी हाम्रो कृषि र किसानीको यो अवस्था आउनुमा सात दशकसम्म उस्तै नारा र योजना लिएर निर्वाचनमा जाने हाम्रा दल र ती दलको सस्ता, उही, उस्तै दोहोऱ्याएर गरिने घोषणापत्रमा थोरै पनि विचार नगरी भोट दिने जनता पनि उति नै जिम्मेवार देखिन्छन्।अनलाइन खबरबाट।

लेखकद्वय मानवशास्त्र र कृषिका विद्यार्थी हुन्।


